**धनगढी उप-महानगरपालिका**

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| **खण्ड: ०७** | **संख्या:०४** | **मिति: २०८०/०३/०५** |

## भाग-२

**धनगढी उप-महानगरपालिका**

# नगर स्तरीय राहत मापदण्ड, २०८०

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०३ ।०५**

**राजपत्रमा प्रकाशित मिति : २०८०।०३ ।०६**

### प्रस्तावना

धनगढी उप-महानगरपालिका भित्र विपद्बाट प्रभावित परिवार तथा व्यक्तिलाई सङ्घीय सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतको अतिरिक्त उप-महानगरपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन बाञ्छनीय भएकोले,

धनगढी उप-महानगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७७ को दफा १९ मा प्रत्यायोजित व्यवस्था बमोजिम धनगढी नगर कार्यपालिकाले यो **नगर स्तरीय राहत मापदण्ड २०८०** बनाएको छ ।

धनगढी उप-महानगरपालिका राजपत्र

## परिच्छेद – १
## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भ**

क. यो मापदण्डको नाम **नगर स्तरीय राहत मापदण्ड, २०८०** रहेको छ।

ख. यो मापदण्ड धनगढी उप-महानगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा:-

(क) **"उप-महानगरपालिका"** भन्नाले धनगढी उप-महानगरपालिकालाई सम्झनु पर्छ।

(ख) **"ऐन"** भन्नाले धनगढी उप-महानगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७७ सम्झनु पर्छ।

(ग) **"कोष"** भन्नाले ऐनको दफा १३ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ।

(घ) **"जिल्ला विपद् व्यवस्थापन समिति"** भन्नाले सङ्घीय ऐनको दफा १६ बमोजिम कैलाली जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

(ङ) **"प्रमुख"** भन्नाले धनगढी उप-महानगर कार्यपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(च) **"उप-प्रमुख"** भन्नाले धनगढी उप महानगर कार्यपालिकाको नगर उप-प्रमुख सम्झनु पर्छ।

(छ) **"प्रदेश"** भन्नाले सूदुरपश्चिम प्रदेश सम्झनु पर्छ।

(ज) **"प्रादेशिक ऐन"** भन्नाले सुदूर पश्चिम प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ सम्झनुपर्छ।

(झ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ञ) **"विपद्"** भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सृजना भई जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ।

(ट) **"समिति"** भन्नाले ऐनको दफा ३ बमोजिमको नगर विपद् व्यवस्थापन समिति सम्झनु पर्छ।

ठ) **"सङ्घीय ऐन"** भन्नाले सङ्घीय सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ सम्झनु पर्छ।

## परिच्छेद २
## राहत व्यवस्थापन तथा वितरण सम्बन्धी नगर विपद् व्यवस्थापन समिति तथा वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

**३. नगर विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

(क) उप-महानगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७७ को दफा ३ बमोजिमको समितिले दफा ५ बमोजिमको अधिकार क्षेत्र भित्र रही विपद् प्रभावित क्षेत्रमा राहत व्यवस्थापन तथा समन्वय सम्बन्धी व्यवस्था मिलाउने।

(ख) नगरसभाबाट स्वीकृत ऐन तथा नीति र योजनाको अधीनमा रही राहत व्यवस्थापन तथा समन्वयको लागि विपद् प्रतिकार्य सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था गर्ने ।

(ग) आपत्कालीन अवस्थामा राहत सम्बन्धी सामग्री, सेवा र उपकरणहरु खरिद गर्न वा भाडामा लिई प्रयोग गर्न उप-महानगरपालिका र सम्बन्धित निकाय, प्रतिष्ठान, व्यवसाय वा व्यक्तिहरुबीच अग्रिम करार वा अनुवन्ध करार गर्ने व्यवस्था मिलाउने ।

(घ) विपद्को घटना पश्चात् मानवीय सहायताका लागि आउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खोज, उद्धार समूह एवं प्राप्त नगद तथा राहत सामग्रीको व्यवस्थापन गर्ने, गराउने ।

(ङ) राहत सम्बन्धी प्राप्त सिफारिसलाइ आवश्यक परेमा छानबीन गरी राहत प्राप्त गर्ने व्यक्तिको छनौट गर्ने ।

(च) राहत सामग्री भण्डारणका लागि आवश्यक गोदाम घरको व्यवस्था गरी सो को सञ्चालन गर्ने, गराउने ।

(छ) विपद् प्रभावित क्षेत्रमा प्रभावितहरुलाई खानेपानी, खाद्यान्न, कपडा, तथा औषधि उपचार जस्ता अत्यावशयक वस्तुको प्रबन्ध गर्ने, गराउने ।

(ज) विपद् प्रभावित क्षेत्रमा तत्काल आवश्यक पर्ने अस्थायी भौतिक संरचनाहरुको निर्माण गर्ने, गराउने ।

(झ) विपद् प्रभावित क्षेत्रका नागरिकहरुलाई अस्थायी पुनर्स्थापना गर्ने, गराउने ।

(ञ) आपत्कालीन कार्य सञ्चालन केन्द्र मार्फत् उद्धार तथा राहत कामको प्रगति विवरण जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समिति र तोकिए बमोजिम अन्य निकायलाई पठाउने ।

## **४. वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

(क) धनगढी उप-महारनगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७७ को दफा ६ बमोजिमको समितिले दफा ८ बमोजिमको अधिकार क्षेत्र भित्र रही विपद् प्रभावित क्षेत्रमा राहत व्यवस्थापन तथा समन्वय सम्बन्धी मापदण्डको पालना गर्ने गराउने ।

(ख) विपद्बाट प्रभावित परिवार तथा व्यक्तिको पहिचान गर्ने र वडाबाट राहत प्रदान गर्ने वा राहतको लागि राहत व्यवस्थापन तथा वितरण समन्वय समितिमा सिफारिस गर्ने ।

(ग) विपद्बाट प्रभावितहरुको सिफारिस गर्दा जोखिममा रहेका र सङ्कटासन्न समूह (महिला, एकल महिला, गर्भवती महिला, स्तनपान गराउने महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैंङ्गिक तथा यौनिक अल्पसंख्यक, आर्थिक अवस्था कमजोर भएका व्यक्ति, आदि) लाई प्राथमिकता दिने, दिन लगाउने ।

(घ) समुदायमा राहत व्यवस्थापन सम्बन्धी काम गर्ने समूहहरुको गठन गरी त्यस्ता समूहलाई परिचालन गर्ने, गराउने ।

(ङ) विपद्का घटना हुनासाथ खोज, उद्धार, प्राथमिक उपचार लगायतका राहतका कार्यहरु गर्नको लागि समन्वय गर्ने ।

(च) नगर विपद् व्यवस्थापन समितिले राहत सम्बन्धी तोकेका अन्य कार्य गर्ने, गराउने ।

धनगढी उप-महानगरपालिका राजपत्र

## परिच्छेद ३
## राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको गठन र काम, कर्तव्य र अधिकार

**५. राहत व्यवस्थापन तथा वितरण समन्वय समिति**

(क) उप-महानगरपालिकामा राहत व्यवस्थापन तथा वितरण कार्यलाई प्रभावकारी बनाउन एक राहत व्यवस्थापन तथा वितरण समन्वय समिति गठन गरिनेछ।

(ख) राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको गठन देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| १. नगर प्रमुख | - संयोजक |
| २. उप-प्रमुख | - सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ४. आपत्कालीन कार्य सञ्चालन केन्द्रका प्रतिनिधि | - सदस्य |
| ५. विपद् व्यवस्थापन शाखा प्रमुख | - सदस्य सचिव |

**६. राहत व्यवस्थापन तथा वितरण समन्वय समितिको काम, कर्तव्य र अधिकार**

(क) राहतको लागि श्रोत विनियोजन गर्ने।

(ख) विपद् पश्चात् विपद् प्रभावितहरुको लगत लिन र राहत प्रदान गर्न उप-महानगरपालिकामा गठन गरिएका कार्यटोलीलाई निर्देशन दिने।

(ग) विपद् पश्चात् प्रहरीको मुचुल्का र वडा स्तरीय विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएका राहत प्राप्त गर्न योग्य व्यक्तिलाई उप-महमनगरपालिकाको तर्फबाट दिइने राहत रकम उपलब्ध गराउने।

(घ) लेखाजोखाबाट क्षति विश्लेषण गरी राहत दिनुपर्ने अवस्थामा लेखाजोखा गर्न निर्देशन दिने र लेखाजोखाबाट प्राप्त सिफारिसको आधारमा राहत रकम उपलब्ध गराउने सम्बन्धी निर्णय गर्ने।

(ङ) राहत वितरण सम्बन्धी थप आवश्यकता तथा प्रगति विवरण स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा एकिकृत अवस्थामा राख्ने।

(च) राहत उपलब्ध गराउने मानवीय संघसँस्था, नीजि क्षेत्र, विषयगत क्षेत्रसँग समन्वय बैठक सञ्चालन गरी आवश्यक निर्देशन दिने।

(छ) राहत वितरण कार्य आपत्कालीन कार्य सञ्चालन केन्द्रको समन्वयमा एकद्धार प्रणाली मार्फत गर्न लगाउने।

(ज) जिल्ला विपद् व्यवस्थापन समितिसँग छलफल गरी सङ्घीय तथा प्रदेशबाट प्राप्त हुने राहत रकम प्रभावितहरुको लागि उपलब्ध गराउन समन्वय गर्ने।

(झ) राहत व्यवस्थापन, सामाग्री भण्डारण, आपत्कालीन खरिद, आदि सम्बन्धी निर्णय गर्ने।

(ञ) राहत व्यवस्थापन तथा वितरण कार्यको अनुगमन गर्ने।

धनगढी उप-महानगरपालिका राजपत्र

## परिच्छेद ४
## राहत सम्बन्धी मापदण्ड

**७. सङ्घ र प्रदेशबाट प्राप्त हुने राहत रकम सम्बन्धी समन्वय**

(क) राहत व्यवस्थापन तथा वितरण समन्वय समितिले सङ्घीय सरकार मार्फत् विपद् पीडित उद्धार र राहत सम्बन्धी (सातौं संशोधन,) मापदण्ड, २०७७ अनुसार र प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत प्रदेश विपद् व्यवस्थापन तथा राहत विपद् वितरण निर्देशिका, २०७६ अनुसार विपद् पीडितलाई प्राप्त हुने राहतको लागि जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गर्नेछ।

(ख) सङ्घ र प्रदेशबाट प्राप्त हुने राहत रकम वितरणमा हुन सक्ने दोहोरोपनको बारेमा जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा निर्णय गरिनेछ।

**८. उप–महानगरपालिकाबाट उपलब्ध गराउने राहत रकम सम्बन्धी व्यवस्था**

(क) राहत रकम उपलब्ध गराउन उप–महानगरपालिका स्तरीय र वडा स्तरीय विपद् व्यवस्थापन कोषमा रहेको रकमलाई प्रयोग गरिनेछ।

(ख) वडास्तरीय विपद् व्यवस्थापन कोषबाट राहतको रुपमा आवश्यकता अनुसार सामाग्री वा नगद र उप–महानगरपालिका स्तरीय कोषबाट राहत दिंदा नगद रकम उपलब्ध गराइनेछ।

(ग) विपद्मा परी मृत्यु भएका परिवारलाई उप–महानगरपालिकाबाट प्रति मृतक **दश हजार रुपैया** उपलब्ध गराइनेछ।

(घ) विपद्मा परी अंगभंग भई उपचार गराउनै पर्ने अवस्था देखिएमा उप–महानगरपालिकाबाट पीडित व्यक्तिलाई प्रतिव्यक्ति **पाँच हजार रुपैया** उपचार सहयोग उपलब्ध गराइनेछ।

(ङ) विपद्बाट बासस्थान पूर्ण नष्ट भई छिमेकीको घरमा आश्रय लिन वा अन्यत्र विस्थापित वा अस्थायी शिविरमा बस्नुपर्ने भए उप–महानगरपालिकाबाट राहत स्वरुप प्रति परिवार **पाँच हजार रुपैया** उपलब्ध गराइनेछ।

(च) विपद्बाट भण्डारण गरेको खाद्यान्न तथा जग्गा जमिनमा लगाएको वालीमा क्षति भई तत्काल गुजाराको लागि कठीन अवस्था भएको भए त्यस्तो परिवारको आपत्कालीन भरणपोषणको लागि राहत स्वरुप प्रति परिवार **पाँच हजार रुपैया** उपलब्ध गराइनेछ।

(छ) वडा स्तरीय विपद् व्यवस्थापन कोषबाट विपद्बाट पीडितलाई बढीमा प्रति परिवार **पाँच हजार रुपैया सम्मको नगद वा राहत सामाग्री** उपलब्ध गराइनेछ। विपद्बाट भएको क्षति कम भएमा लेखाजोखा गरी कम राहत रकम दिइने छ।

(ज) विद्युतीय सर्ट भई कलकाराखानामा भएको क्षति, बाढी, असिना तथा खडेरीले कृषि क्षेत्रमा भएको क्षति वा थप लेखाजोखा मार्फत् क्षतिको विश्लेषण मार्फत् राहत रकम निर्क्यौल गर्नुपर्ने अवस्थामा क्षति विश्लेषण गर्ने उप–महानगरपालिकाको प्राविधिक कार्यटोलीको प्रतिवेदन अनुसार राहत रकम उपलब्ध गराइनेछ।

(ज) वडा स्तरीय विपद् व्यवस्थापन कोषबाट प्रदान गरिएको नगद वा सामाग्रीको राहतलाई आधार मानी राहत व्यवस्थापन तथा वितरण समन्वय समितिले उप-महानगरपालिकाले उपलब्ध गराउने राहत सम्बन्धी आवश्यक निर्णय गर्नेछ ।

**९. निजी क्षेत्र, दातृ निकाय र यस प्रकारका अन्य सहयोगी निकायले उपलब्ध गराउने राहत रकम तथा सामाग्री सम्बन्धी व्यवस्था**

(क) नीजि क्षेत्र, दातृ निकाय वा अन्य सहयोगी निकायले विपद् पश्चात् आफ्नो क्षमता अनुसार आपत्कालीन कार्य सञ्चालन केन्द्रसँगको समन्वयमा एकद्धार नीति अन्तरगत तुरुन्त राहत उपलब्ध गराउन सक्नेछन् ।

(ख) विपद् पश्चात् वजार तथा आपूर्तिकताहरु सेवा दिन सक्षम भएको अवस्थामा आपत्कालीन कार्य सञ्चालन केन्द्रसँगको समन्वयमा सहयोगी निकायहरुले नगद वा सामाग्री भौचर मार्फत राहत सामाग्रीको व्यवस्था गर्न सक्नेछन् ।

**१०. क्षेत्रगत राहत सामाग्री वितरण सम्बन्धी व्यवस्था**

(क) मानवीय बडापत्र तथा मानवीय प्रतिकार्यमा न्यूनतम मापदण्डहरु वा स्फियर निर्देशिका एवं सङ्घीय तथा प्रदेशको विपद् प्रतिकार्य कार्यढाँचा र त्यस अन्तरगत गठन गरिएका विषयगत क्षेत्रहरुले तोकेको राहत सामाग्रीको सूची अनुसार विषयगत क्षेत्र अनुसारको राहत वितरण गर्नुपर्नेछ ।

(ख) विषयगत क्षेत्रले तोकेका राहत सामाग्रीको सूची आपत्कालीन कार्य सञ्चालन केन्द्रमा राखिने छ र आवश्यकता अनुसार सहयोगी निकायलाई उपलब्ध गराइने छ ।

## परिच्छेद ५
## राहत वितरणमा अबलम्बन गर्नु पर्ने सिद्धान्तहरु

**११. राहत वितरणको लागि अपनाइने सिद्धान्तहरु**

(क) उप–महानगरपालिकामा राहत वितरण गर्ने क्रममा सबै सरोकारवालाहरुले मानवीय सहयोग सम्बन्धी मानवीयता, तटस्थता, निस्पक्षता र स्वतन्त्रता सिद्धान्तहरु आत्मसाथ गर्नुपर्नेछ ।

(ख) राहत कार्यक्रम गर्दा निम्नानुसारका संरक्षण सम्बन्धी सिद्धान्तहरु पालना गर्नुपर्नेछ ।

(१) मानिसहरूको सुरक्षा, मर्यादा तथा अधिकारहरूको प्रवर्धन गर्ने र उनीहरूलाई थप हानि-नोक्सानीको सामना गर्नबाट जोगाउने ।

(२) आवश्यकता बमोजिम र भेदभावविना निष्पक्ष सहयोगमा मानिसहरूको पहुँच सुनिश्चित गर्ने।

(३) धम्क्याइएको अथवा वास्तविक हिंसा, जबर्जस्ती अथवा जानाजान गरिएका शारीरिक तथा मनोवैज्ञानिक असरहरूबाट पुनर्लाभ गर्न मानिसहरूलाई सहयोग उपलब्ध गराउने ।

(४) आफ्ना अधिकारहरूको दाबी गर्न मानिसहरूलाई सहयोग गर्ने ।

(ग) राहत वितरण गर्ने कार्यक्रममा सबै सरोकारवालाहरुले निम्नानुसारका मूलभूत मानवीय मापदण्ड पालना गर्नुपर्नेछ ।

(१) मानवीय प्रतिकार्य उपयुक्त तथा सान्दर्भिक हुनुपर्ने ।

(२) मानवीय प्रतिकार्य प्रभावकारी र समयमा नै गरिएको हुनुपर्ने ।

(३) मानवीय प्रतिकार्यले स्थानीय क्षमतालाई सुदृढ पार्नुपर्ने र नकारात्मक असरहरूलाई हटाएको हुनुपर्ने ।

(४) मानवीय प्रतिकार्य सञ्चार, सहभागिता र पृष्ठपोषणमा आधारित हुनुपर्ने ।

(५) गुनासोहरूलाई स्वागत र सम्बोधन गरिएको हुनुपर्ने ।

(६) मानवीय प्रतिकार्यमा समन्वय गरिएको र यो एक-अर्काका लागि परिपूरक हुनुपर्ने ।

(७) मानवीय सहयोगमा क्रियाशील निकायहरूले निरन्तर रूपमा सिकाई मार्फत सुधारका कार्यहरु गर्नुपर्ने ।

(८) कर्मचारीहरूलाई आफ्नो काम प्रभावकारी ढङ्गले गर्न सहयोग गर्नुपर्ने र निजप्रति निष्पक्ष तथा न्यायोचित व्यवहार गरिनुपर्ने ।

(९) श्रोतहरूको व्यवस्थापन तथा प्रयोग अपेक्षित प्रयोजनका लागि जिम्मेवारीपूर्वक गरिनुपर्ने ।

(घ) राहत सामाग्री वितरण गर्ने क्रममा जोखिममा रहेका र सङ्कटासन्न व्यक्तिको लागि विशेष राहत प्याकेजहरु (जस्तै - आत्मसम्मान सम्बन्धी सामाग्री (डिगनिटी किट), अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायक सामाग्रीहरु, गर्भवती तथा सुत्केरी महिलाको लागि पोषणयुक्त खाना, आदि) समावेश गर्नुपर्ने र महिलाहरु एवं यौनिक अल्पसंख्यकको लागि सुरक्षा, संरक्षण तथा व्यक्तिगत गोपनियता सम्बन्धी रणनीति समावेश गरी लागू गर्नुपर्ने ।

(ङ) विपद्का कारण व्यवसाय तथा पशुपालन र बालीनालीमा वृहत असर गर्ने र राहतको रकम न्यून हुनसक्ने भएकोले व्यवसाय, पशु र बालीको बीमा कार्यलाई क्रमिक रुपमा राहतको आधार बनाउने ।

**१२. राहत प्राप्त गर्ने व्यक्ति तथा परिवारको छनौट**

(क) उप–महानगरपालिकाले राहत वितरणको लागि पारदर्शी विधि अपनाउने छ र राहतलाई विपद् पीडितले पाउने अधिकारको रुपमा प्रवर्द्धन गर्नेछ ।

(ख) राहत कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति गरिनेछ र सापेक्षिक रुपमा जोखिममा रहेका र सङ्कटासन्न समूहलाई प्राथमिकता दिइनेछ ।

(ग) श्रोतको उपलब्धताको आधारमा निम्नानुसारका आधारहरुलाई आत्मसाथ गरी राहत वितरण गरिने व्यक्ति तथा परिवार छनौट गरिनेछ ।

(१) मानवीय क्षति तथा घाइतेको सङ्ख्या

(२) पूर्ण रुपमा क्षति भएको घर

(३) आंशिक रुपमा क्षति भएको घर

(४) आयश्रोतमा परेको असर

(५) जोखिममा रहेका र सङ्कटासन्न समूह ।

(ग) विशेष प्रकारको आपत्कालीन अवस्था सिर्जना भएमा राहत सामाग्री प्राप्त गर्ने व्यक्तिको आधार किटान गर्न सकिनेछ । उदाहरणको लागि कोभिडको लागि यस प्रकारको छनौटको आधार लिइनेछ ।

(१) पसलबाट ग्राहकको घरसम्म सामान ओसारपसार गर्ने अति विपन्न श्रमिक ।

(२) पर्यटक भरिया, निर्माण सामग्री भरिया, बाटोमा आवश्यक वस्तुहरु ओसारपसार गर्ने अति विपन्न व्यक्ति ।

(३) ट्रक, ट्रिपर, भ्यानमा सामान लोड अनलोड गर्ने अति विपन्न श्रमिक ।

(४) अन्य व्यक्तिको खेतवारीमा दैनिक ज्याला लिने गरी काम गर्ने कृषि मजदुर ।

(५) आफ्नो नातेदार बाहेकको व्यक्तिको परिवारमा दैनिक ज्यालादारीमा सरसफाइ, शिशु तथा ज्येष्ठ नागरिक स्याहार जस्ता सेवा गर्ने व्यक्ति ।

(६) गिटी कुट्ने, बालुवा चाल्ने तथा इटा भट्टामा काम गर्ने मजदुर ।

(७) निर्माण कार्यमा दैनिक ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका अति विपन्न मजदुर ।

(८) नाङ्लो पसले, दैनिक रुपमा पत्रिका वितरक, साना फुटपाथ पसले, ठेलागाडा तथा साइकिलमा सामान बिक्री वितरण गरी गुजारा गर्ने तथा अन्य व्यक्तिको पसलमा काम गर्ने अति विपन्न मजदुर ।

(९) देहाय बमोजिमका यातायात मजदुर

अ. अन्य व्यक्तिको माल वाहक सवारी तथा डेलिभरी भ्यान चलाउने सवारी चालक तथा सहचालक

आ. दैनिक ठेक्कामा वा ज्यालामा ट्याक्सी तथा टेम्पो चलाउने सवारी चालक

इ. रिक्सा तथा तथा ठेलागाडा चालक

ई. सवारी साधनको मर्मत सम्भार गर्ने ग्यारेजमा काम गर्ने मिस्त्री तथा मजदुर ।

(१०) अन्य व्यक्तिको गार्मेन्ट, कार्पेट, सिलाइबुनाई पसल, गलैंचा, बुट्टा तथा जर्ति भर्ने मिस्त्री तथा मजदुर

(११) उप-महानगरपालिका क्षेत्रमा दैनिक ज्यालादारीमा काम गर्ने अन्य व्यक्ति

## परिच्छेद ६
## विविध

**१३. राहत वितरणको अभिलेख, सूचना व्यवस्थापन, अनुगमन र मूल्याँकन**

(क) राहत वितरण सम्बन्धी सम्पूर्ण जानाकारी वडा कार्यालय र स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रमा अभिलेखीकरण गर्ने र जिल्ला, प्रदेश तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्र मार्फत जिल्ला, प्रदेश र सङ्घीय निकाय वा आवश्यकता अनुसार सहयोगी निकायलाई उपलब्ध गराउने छ ।

२. राहत वितरण सम्बन्धी सूचना तथा जानाकारी उप–महानगरपालिका, जिल्ला, प्रदेश एवं सङ्घीय तहमा र राहत व्यवस्थापनमा सहयोग गर्ने निकायलाई स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र मार्फत् आवश्यकता अनुसार उपलब्ध गराइने छ ।

३. राहत वितरण सम्बन्धी कार्यको अनुगमन नगर विपद् व्यवस्थापन समिति, राहत व्यवस्थापन तथा वितरण समन्वय समिति, वडा स्तरीय विपद् व्यवस्थापन समिति र अन्तिम लेखा परीक्षण सार्वजनिक खरिद् ऐन तथा नियमावली अनुसार महालेखा परीक्षकको कार्यालयबाट गरिने छ ।

**१४. पुरस्कार सम्बन्धी व्यवस्था**

उप–महानगरपालिकामा राहत वितरणमा विशेष योगदान पुऱ्याउने उत्कृष्ठ व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरुप समितिको सिफारिसमा नगर कार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

**१५. कारवाही सम्बन्धी व्यवस्था**

(क) यस मापदण्डमा तोकिएको अवस्था पूरा नभएको व्यक्तिले झुट्टा विवरण गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

(ख) यस मापदण्डको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफासि गर्ने पदाधिकारीलाई समेत प्रचलित कानून बमोजिम कारवाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीवाट निजले सिफारिस गरेको हदसम्मको रकम निजवाट असुल गरिनेछ ।

**१६. संशोधन तथा खारेजी**

(क) उप–महानगरपालिकाको नगरसभाले विद्यमान सङ्घीय, प्रादेशिक तथा उपमहानगरपालिका स्तरीय ऐन तथा मापदण्ड र सिकाइका आधारमा यस मापदण्डलाई संशोधन गर्न सक्नेछ ।

(ख) सङ्घ र प्रदेशका प्रचलित कानूनसँग बाझिएमा बाझिएका दफाहरु स्वतः खारेज हुनेछन् ।

**१७. बाधा अड्काउ फुकाउने:** यो मापदण्डको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आइपरेमा सो को अधिकार कार्यपालिकामा रहने छ ।

---

**आज्ञाले,**

...................

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकिय अधिकृत

धनगढी उप महानगरपालीका

धनगढी उप-महानगरपालिका राजपत्र